फोन नं. : ०२५-५५१०१३

# श्री महेन्द्र माध्यमिक विद्यालय

## बराहक्षेत्र–७, तित्रीगाछी, सुनसरी

## SHREE MAHENDRA SECONDARY SCHOOL

Barahakshetra-7, Titrigachhi, Sunsari

प.सं. : २०८३।८४
च.नं. : १४

मिति : २०८३।०४।२६

श्री महेन्द्र माध्यमिक विद्यालय वराहक्षेत्र-७,तित्रीगाछी स्थापना : २०२९

**श्री सम्बन्धित सबै ।**

**विषयः स्थायी शिक्षक सरुवा सम्बन्धमा ।**

प्रस्तुत विषयमा वराहक्षेत्र नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखाको च.नं. १५ मिति २०८३/०४/२६ गतेको शिक्षक सरुवा विज्ञापन सम्बन्धि अनुमति पत्र एवम् वि.व्य.स. मिति २०८३/०४/२७ गतेको बैठकको निर्णयअनुसार यस विद्यालयमा रिक्त रहेको प्रा. वि. तृतीय शिक्षक पदमा सरुवा प्रक्रियामार्फत पदपूर्ति गरिने हुँदा शिक्षा नियमावली २०५९ को दशौं संशोधन २०८३ बमोजिमको परिधिभित्र रही योग्य इच्छुक शिक्षकबाट यो सुचना प्रकाशित भएको मितिले १५ दिन (२०८३/०५/१० गते) भित्र कार्यालय समयमा सरुवाका लागि तपसिलमा उल्लिखित आवश्यक कागजात संलग्न राखी दरखास्त आहवान गरिन्छ । रीत नपुगेको वा म्याद नाघी आएको निवेदन उपर कुनै कारबाही हुने छैन ।

**पेस गर्नुपर्ने कागजातहरुः-**

१. सरुवा सहमतिका लागि हस्तलिखित निवेदन ।
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
३. आफ्नो सेवा अवधि खुल्ने कागजात ।
४. स्थायी/अस्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
६. हाल कार्यरत विद्यालयय र स्थानीय तहमा हालको पदमा सुरु हाजिर भएको कागजात ।
७. असाधारण तथा बेतलबी बिदा लिए नलिएको सम्बन्धि कागजात ।
८. विद्यालयको सहमति पत्र ।
९. सम्वन्धित स्थानीय तहको सहमति पत्र ।
१०. शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको फारम ।
११. शिक्षा नियमावली २०५९ ( दशौं संशोधन २०८३) बमोजिम प्राथमिकता दाबी गर्ने प्रमाण कागजातहरु (आवश्यकता अनुसार) ।
११. अन्तर जिल्लाको हकमा सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइको सहमति पत्र ।

विद्यालयको इमेल ठेगाना : msstitrigachhi@gmail.com

सम्पर्क नं. प्र.अ. ९८४२१४९३०२, स. प्र. अ. ९८४२२८४०५६, सूचना अधिकारी ९८४२०५६०३३

वोधार्थ
१. श्री शिक्षा विकास तथा समन्वय एकाइ, इनरुवा, सुनसरी जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि ।
२. श्री शिक्षा युवा तथा खेलकुद शाखा, वराहक्षेत्र न.पा.को कार्यालय, सुनसरी, जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि ।
३. श्री वराहक्षेत्र न.पा.-७ नं. वडा कार्यालय, जानकारीका लागि ।

२०८३।०४।२६

फिरोज घिमिरे
प्रधानाध्यापक

प्रधानाध्यापक
महेन्द्र माध्यमिक विद्यालय
बराहक्षेत्र-७, सुनसरी